

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ८ गते शुक्रबार ❑ 23 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## विपद्मा जनताले प्रदेश सरकारको महसुस गरुन् : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विपद्मा जनताले प्रदेश सरकारको महसुस गर्नुपर्ने बताउनुभएको छ।

प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकमा बिहीबार उहाँले विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न उद्धार, उपचार, राहतका सवालमा विशेष ध्यान दिन सम्बद्ध सरोकारवालालाई निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "हामीले सर्वसाधारण नागरिकको सेवा सधैँ गर्नु नै पर्छ, दुःख परेका बेला सहयोगको आशा अझै धेरै हुन्छ, जनतासँग प्रदेश सरकार छ भन्ने महसुस हुने गरी काम गर्नुपर्छ।"

प्रदेश सरकारसँग भएको साधन स्रोतको अधिकतम उपयोग गरेर सुरक्षा निकायको परिचालन र स्थानीय तहसँगको सहकार्यमा काम गर्न उहाँले अनुरोध गर्नुभयो। सरकारले विपद् व्यवस्थापनका लागि आफूलाई तयारी अवस्थामा राखेको बताउँदै मुख्यमन्त्री पाण्डेले हरेक स्थानीय तह, सङ्घसंस्था, निजी क्षेत्रलगायत सबैको दायित्वभित्र विपद् व्यवस्थापन पर्ने हुँदा सहकार्य जरुरी रहेकामा जोड दिनुभयो । मनसुनको समय सुरु भएकाले बाढी, पहिरो, कटान, डुबान लगायतबाट हुने क्षति न्यूनीकरणसँगै अन्य विपद्का घटनामा संवेदनशील भएर अघि बढ्न प्रदेश सरकारले उच्च सतर्कता अपनाएको उल्लेख गर्दै उहाँले तत्काल उद्धार र राहतका लागि प्रदेश सरकारले सहयोग बताउनुभयो । उपलब्ध सामग्री, साधन स्रोत भण्डारण गरेर राख्ने नभई प्रयोग ल्याउनुपर्ने उहाँको भनाइ छ । मुख्यमन्त्री पाण्डेले आजै नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई उद्धार सामग्री हस्तान्तरण गर्नुभएको छ । उहाँले वेन मेटी (खाना तातो बनाउने मेसिन), मोटरबोट र विभिन्न किसिमका उद्धार सामग्री गरी करिब रु ५२ लाखको सामग्री हस्तान्तरण गर्नुभएको हो । यी सामग्री सुरक्षा निकायले आवश्यकताअनुसार प्रदेश र जिल्लाहरूमा पठाउनेछन्। गण्डकी प्रदेश सरकारले विपद्मा परेकाको उद्धार, खोज र राहतका लागि ११ वटै जिल्लामा विपद् कोषमा बजेट पठाउने गरेको छ । प्रदेश सरकारले पनि विपद् कोष सञ्चालनमा ल्याएको छ ।

बैठकमा प्रतिपक्ष दलका नेता खगराज अधिकारी, मन्त्रीहरू, नीति आयोगका उपाध्यक्ष, प्रमुख सचिव, विभिन्न सङ्घसंस्था, सुरक्षा निकायका प्रमुखलगायतको उपस्थिति थियो ।

## ड्रागन बोट रेस फेस्टिभलको तयारी पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



पोखरामा शुक्रबारदेखि सुरु हुने 'ड्रागन बोट रेस फेस्टिभल' को तयारी पूरा भएको छ । शनिबारसम्म पोखराको लेकसाइडमा संचालन हुने उक्त फेष्टिभलको अन्तिम तयारी पूरा भएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए।

उक्त बोट रेसमा सहभागि हुन सिंगापुर, चाइना र नेपालका गरी ८ टिमको सहभागि हुने भएको अध्यक्ष श्रेष्ठले बताए । दक्षिण एसियामै पहिलो पटक पोखरामा आयोजना हुन लागेको उक्त प्रतियोगितामा नेपालको तर्फबाट ४ र अन्य विदेशी ४ गरी ८ टिम बिच प्रतिष्रर्धा हुने भएको उनले जनाए । पोखरा लेकसाइडको क्याम्पिङचोक देखि फेवातालमा हुने उक्त कार्यक्रम हुने भएको हो।

प्रतियोगितामा नेपालको ४ टिम मात्र सहभागि गराउने भए पछि नेपालका ५ समुहले प्रशिक्षणमा सहभागि हुदै आएकोले विहीबार छनौट चरणबाट एक टोली बाहिरिएको छ। बेगनास ताल डुंगा व्यवसायी समिति छनौट चरणबाट बाहिरिएको उक्त प्रतियोगिताका प्राविधिक प्रमुख मिन बहादुर मगरले बताए। नेपाल र्‍याफ्टीङ एण्ड क्यानोइङ एशोसियसन (एनआरसीए), चाइना नेपाल फ्रेण्डसिप, फेवा डुंगा व्यवसायी संगठन,रपोखरामहानगरपालिकाको टिम प्रतियोगितामा सहभागि हुने भएको पोखरा महानगरका पर्यटन बिकास समितिका उपाध्यक्ष रविन्द्रराज पौडेलले जनाए । प्रतियोगिता अर्न्तगत शुक्रबार र शनिबार २ सय र ५ सयम मिटरमा प्रतिष्रर्धा हुने भएको छ।

उक्त प्रतियोगिताको पुरस्कारको लागि नगद ३० लाख खर्च हुनेछ। रेश सगै दुवै देशका सांस्कृतिक प्रस्तुति र खाद्य प्रदर्शनी समेत गरिने भएको छ । विहिबार पोखरामा अन्य टिमले भने अभ्यास खेल प्रर्दशन गरेका छन् । उक्त प्रतियोगितामा सहभागि टिममा १२ जना खेलाडीहरु हुन्छन भने एक जनाले चाइनिज ड्रम बजाउदै त्यसको तालमा अन्य खेलाडीहरुले डुंगा खियाउदै आफ्नो निर्धारित दुरी पार गर्न प्रतिष्रर्धा गर्नुहुने छ । नेपाल र चीनबीच रही आएको सांस्कृतिक तथा जनस्तरको सम्बन्ध सुमधर बनाउन तथा नेपालमा चिनियाँ पर्यटक बढाउने उदेश्यले आयोजना गर्न लागेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राजस्वपाको पहिलो वर्ष ऊर्जाशील र सौहार्दपूर्ण रह्यो : सभापति लामिछाने

**रासस**
काठमाडौं, ७ असार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पार्टीको पहिलो वर्ष सकारात्मक, ऊर्जाशील र सौहार्दपूर्ण रहेको बताउनुभएको छ।

पार्टी स्थापना दिवसका अवसरमा आज केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा उहाँले पार्टीको एकवर्षे यात्राको समीक्षा गर्दै भन्नुभयो, "यो एक वर्ष अत्यन्त सकारात्मक, ऊर्जाशील र सौहार्दपूर्ण रह्यो । नेपाली जनताले आशा र भरोसाका रुपमा हेरेको नयाँ सफल पार्टीका रुपमा लिएका छौँ।"

सभापति लामिछानेले पार्टीलाई विस्तार गरेर जनताको विश्वासअनुसार परिणाममुखी बन्नु अबको चुनौती भएको बताउनुभयो । "उपनिर्वाचनसम्म आइपुग्दा आमनागरिकलाई हामी नयाँ पार्टी, नयाँ मान्छे आएको जानकारी भयो", उहाँले भन्नुभयो, "सम्पूर्ण नागरिकमाझ पुगेर विश्वासलाई मतमा रुपान्तरण गर्न सक्नेगरी सङ्गठन विस्तार गर्नुपर्ने चुनौती छ।"

उहाँले पार्टीले चाहेजस्तो नेतृत्वलाई समावेश गरेर सङ्ख्याका रुपमा मात्र ठूलो नभई आन्तरिक लोकतन्त्रलाई कायम राखेर परिणाममुखी बनाउनुपर्नेमा जोड दिनुभयो। उहाँले रास्वपाको संसद्मा भूमिका अझ मर्यादित र सशक्त हुने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

कार्यक्रममा पूर्वबैंकर अनिलकेशरी शाह औपचारिकरुपमा रास्वपा प्रवेश गर्नुभएको छ। उहाँलाई प्रशिक्षण विभागको प्रमुखको जिम्मेवारी दिइएको छ।

## नागरिकता ऐन कार्यान्वयनको बाटो खुल्यो

**रासस**
काठमाडौं, ७ असार

नागरिकता ऐन कार्यान्वयनको बाटो खुलेको छ।

सर्वोच्च अदालतले नागरिकता विधेयक प्रमाणीकरणविरुद्धदिएकोअन्तरिम आदेशलाई निरन्तरता नदिएसँगै कार्यान्वयनको बाटो खुलेको हो । बिहीबार न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र कुमार रेग्मीको इजलासले यसअघिको अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गरेको हो।

यसअघि जेठ २१ गते न्यायाधीश डा मनोजकुमार शर्माको इजलासले कारण देखाउ र अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो।

गत जेठ १७ मा राष्ट्रपति रामचन्द्र पौडेलले विधेयक प्रमाणीकरण गर्नुभएको थियो । उक्त प्रमाणीकरणको विरुद्धमा वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा रिट दर्ता गराउनुभएको थियो।

## 'उज्यालो गण्डकी प्रदेश' घोषणा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

गण्डकी प्रदेशलाई आर्थिक वर्ष २०८०/८१ मा 'उज्यालो गण्डकी प्रदेश' घोषणा गरिने भएको छ।

सरकारको आव २०८०/८१ को बजेटमा गण्डकी प्रदेशभर विद्युतीकरण र वैकल्पिक कर्जाको विस्तार गरी यसै वर्ष 'उज्यालो गण्डकी प्रदेश' घोषणा गरिने उल्लेख छ। बिजुलीबाट वञ्चित प्रदेशभित्रका बाँकी घरधुरीमा सौर्य उर्जा जडान गर्न आवश्यक बजेट विनियोजन गरिएको अर्थमन्त्री जीतप्रकाश आलेले बताउनुभयो।

क्षतिग्रस्त लघु जलविद्युत् आयोजनाको मर्मतसम्भार तथा निर्माण गरी लघु जलविद्युत् आयोजनाबाट उत्पादन भएको विद्युतूलाई राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गर्न रु एक करोड ७५ लाख विनियोजन गरिएको छ। प्रदेशभित्र वायु ऊर्जा र फ्लोटिङ सोलारबाट ऊर्जा उत्पादनका लागि सम्भाव्यता अध्ययन कार्य प्रारम्भ गरिने उल्लेख गर्दै उहाँले एलपी ग्यासलाई प्रतिस्थापन गरी विद्युतीय चुलो प्रयोगकर्ताको सङ्ख्या अभिवृद्धि गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने बताउनुभयो । सार्वजनिक कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, शिक्षण संस्थामा नियमित विद्युत् उपलब्ध गराउने उद्देश्यले संस्थागत सौर्य ऊर्जा जडान कार्यलाई निरन्तरता दिइएको छ। उच्च हिमाली भेगका बर्थिङ सेन्टर सञ्चालित स्वास्थ्यचौकीमा कम्तीमा एउटा कोठालाई तताउने गरी सौर्य ऊर्जा प्रविधि जडान कार्य सुरु गर्न संस्थागत सौर्य ऊर्जा प्रविधि जडान कार्यक्रम सञ्चालन गरिने र त्यसका लागि रु एक करोड विनियोजन गरिएको सरकारले जनाएको छ।

प्रदेशभित्र सञ्चालित लिफ्ट खानेपानी र लिफ्ट सिँचाइ आयोजनामा शतप्रतिशतसम्म विद्युत् महसुलमा अनुदान व्यवस्था मिलाइएको र त्यसका लागि रु पाँच करोड विनियोजन गरिएको मन्त्री आलेले बताउनुभयो।


## 'शून्य समयमा राखिएका कुरा पूरा भएन'

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



गण्डकी प्रदेशसभाको बिहीबार को वैठकको शून्य समयमा सदस्यले समसामयिक विषयमा सरकार तथा प्रदेशसभाको ध्यानाकर्षण गराएका छन्।

बैठकमा सदस्यले बाढीलगायतका विपत्ति, मलबीउको अभाव लगायतमा प्रदेश सरकारको ध्यानार्षण गराउनुभएको हो । बैठकमा प्रदेशसभा सदस्य श्यामराजा महतले तनहुँको शुक्लागण्डकीको दुलेगौँडाबाट साँखेसम्मको बाटो बाढीपहिरोका कारण चारपाँच ठाउँमा भत्केपनि सफा नगर्दा आवतजावतमा समस्या भएको बताउनुभयो । प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले यसअघि शून्य समयमा पटक-पटक म्याग्दी जिल्ला अस्पताल अलपत्र, बेनी जोमसोम सडक निर्माणमा ढिलाइ, मल बीउको अभाव लगायतका कुरा उठाउने गरेपनि त्यसको आजसम्म कुनै जवाफ नआएको जनाउँदै शून्य समयको औचित्यबारे प्रश्न गर्नुभयो । प्रदेशसभा सदस्य चम्पादेवी खड्काले साँढे दुई दशक अघि ट्र्याक खुलेको मध्यपहाडी लोकमार्ग अन्तर्गतको वागलुङ उपल्लाचौरदेखि बीउ, घोडाबाँधेसम्मको सडक दुई वर्षमा कालोपत्र हुनुपर्नेमा पटक-पटक म्याद थप्दा पनि सातवर्षसम्म पनि कालोपत्र नभएको जनाउँदै सो ठेक्का रद्द गरी नयाँ प्रक्रियामा जान सरकारको ध्यानकर्षण गराउनुभयो । अर्का सदस्य बेदबहादुर गुरुङले गत जेठ ३१ र ३२ तथा यही असारको ३ र ४ गतेको बाढीका कारण मादीको ताङतिङ–सिक्लेस बाटो अवरुद्ध हुँदा खाद्यान्न ढुवानी तथा बिरामीलाई अस्पताल लैजानसमेत समस्या भएको जनाउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो । शून्य समयमा भक्तबहादुर कुँवर, सुधीरकुमार पौडेललगायतले समसामयिक विभिन्न विषयमा सरकार तथा प्रदेशसभाको ध्यानाकर्षण गराउनुभएको थियो।

## लम्पी स्किन रोगबाट अहिलेसम्म २१ हजार पशुको मृत्यु भएको छ : कृषिमन्त्री

**रासस**
काठमाडौं, ७ असार

कृषि तथा पशुपक्षी विकासमन्त्री बेदुराम भुसालले ७६ जिल्लामा लम्पी स्किन रोगबाट महामारी फैलिएको र त्यसबाट छ लाख आठ हजार पशु सङ्क्रमित हुँदा २१ हजार चार सयभन्दा बढी पशुको मृत्यु भइसकेको जानकारी दिनुभयो।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको आजको बैठकमा मन्त्री भुसालले महामारीकै रूप लिएको लम्पी स्किन रोग नियन्त्रणका लागि खोपको व्यवस्था भइरहेको र सिड भाइरस ल्याएर खोप उत्पादन गर्ने सोच रहेको पनि जानकारी दिनुभयो।

किसानलाई आवश्यक मल खरिदका लागि सरकारले रु ३० अर्ब सुनिश्चत गरिसकेको जानकारी दिँदै मन्त्री भुसालले मूल्य र कच्चा पदार्थका कारण मल कारखाना खोल्ने निष्कर्षमा नपुगेको तर मल कारखानाको अध्ययन गर्ने तीनवटा कम्पनीले गरिरहेको समेत उहाँले बताउनुभयो।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले कृषि मन्त्रालयसँग सम्बन्धित विषयमा देखिएको समस्या र समाधानका सम्बन्धका कृषि तथा पशुपक्षी विकासमन्त्री र सचिवसँग छलफल गरेको हो।

सो अवसरमा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव गोविन्दप्रसाद शर्माले पशु सेवा विभागले कन्ट्रोल रुम खडा गरेर लम्पी स्किन रोगको जानकारी लिँदै आएको र यस रोगविरुद्धको खोप एक लाख ३० हजार पशुलाई दिइएको जानकारी दिनुभयो। उहाँले कृषि तथा पशुपक्षी विकास मन्त्रालयका १० वटा कार्यक्रमको बजेट शून्य हुँदा एक सय ५० वटा कार्यालय प्रभावित भएकोसमेत बताउनुभयो।

बैठकमा सांसदहरूले दुग्ध विकास संस्थान र कपास विकास समिति खारेज गर्नु गलत भएको भन्दै फजुल खर्च उत्पादनमा लगाउन, बाँदर आतङ्क नियन्त्रण गर्न, किसानको उत्पादन बजारीकरण गरिदिनुपर्ने र रासायनिक मलको विकल्प खोज्नुपर्नेमा सरकारको ध्यानाकर्षणगराउनुभयो।त्यसैगरी बैठकमा सांसदहरूले मलको कालोबजारी, किसानले कृषि तथा पशु बीमा गर्न नपाएको, सरकारले मलखाद खरिदलाई सहज बनाउन नसकेको र किसानको आवश्यकतामा अनुदान दिने गर्न नसकिएको बताउनुभयो।



नृत्य प्रस्तुत गर्दै चिनियाँ कलाकार : पोखरा सभागृहमा बिहीबार आयोजित पोखरा र चीनको लिन्जी शहरबीचको सांस्कृतिक कार्यक्रममा नृत्य प्रस्तुत गर्दै चिनियाँ कलाकार। तस्विरः धनबहादुर गुरुङ/रासस

## वडा नं ३० मा विद्यालय स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

पोखरा महानगर सामाजिक शाखाको आयोजना र पोखरा महानगर वडा नं ३० को सयोंजनमा बुधबार वडा नं ३० मा बालकालिकाहरुका लागि विद्यालय स्तरिय चित्रकला प्रतियोगिता सम्पन्न भयो।

प्रतियोगितामा क्रमश पहिलो, दोस्रो, तेस्रो र सान्त्वना सलोनि मिश्र (त्रिभुवन शान्ति विद्यालय), स्मारिका बिश्वकर्मा (गुरुकुल बिद्याश्रम), अकिंता सुनार (गोल्डेन नेचर बोर्डिङ्ग स्कुल), सपना थापा (न्यु लाईट बोर्डिङ्ग स्कुल) र बिनोद थापा (शहिद स्मारक आधारभूत विद्यालय) रहेका छन्। वडा अध्यक्ष दुर्गा प्रसाद सुवेदीले बालकालिकाहरुको प्रतिभा प्रस्फुटनको लागि प्रतियोगिता आवश्यकता हुने बताउनुभयो।

विद्यालय स्तरिय चित्रकला प्रतियोगिताका सयोंजक



वडा सदस्य भिम कुमारी पुन मगरले विद्यालयको शिक्षाले मात्र नहुने भएकोले यस्ता प्रतियोगिता आगामि दिनमा पनि प्रतियोगिताहरु गरिरहने बताउनुभयो। वडा बाल मञ्च र बाल संरक्षण समितिको आग्रह अनुसार नै आगामि कार्यक्रमहरु हुने मगरले बताउनुभयो। प्रमुख निर्णायक विश्वकला यात्री प्राज्ञ नगेन सिंहले कला कहिल्यै नराम्रो नहुने भएकोले पुरस्कृत नभए पनि आफ्नो सिर्जना गरिरहनु पर्ने बताउनुभयो। अन्य निर्णायकमा वडा सचिव बलराम पाठक र पत्रकार कलाकार ज्योति हमाल हुनुहुन्थ्यो। वडा सदस्यहरु मंगलकाजी मानन्धर, विनोद प्रसाद लामीछाने र उमा परिपार, बाल संरक्षण समिति सदस्य दिक्षा पून, वडा बाल मञ्चका पुर्व अध्यक्ष रश्मि गौतम लगाएतले बालबालिकाहरुको लागि विभिन्न प्रतियोगिताहरु भइरहनु पर्ने बताउनुभयो। प्रतियोगितामा वडा नं ३० का ७ विद्यालयका १३ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो।

## ड्रागन...

नेपाल पर्यटन बोर्डका सिईओ धनन्जय रेग्मीले बताए। नेपालमा आयोजना गर्न लागिएको यो फेस्टिवन दक्षिण एशियामै पहिलो पटक आयोजना हुन लागेको उनको दाबी छ।

प्रतियोगिताका लागि चीनबाट केरुङ नाका हुँदै आठ वटा विशेष खालकाबोट जेठ तेस्रो साता पोखरा ल्याई पोखरामा सफल परिक्षण भएको छ। नेपाल पर्यटन बोर्ड, नेपाल स्थित चिनीयाँ दुतावास र पोखरा महानगरपालिकको आयोजना तथा पोखरा पर्यटन परिषद र चाइना ओभरसीज एशोसिएसनको सहआयोजना एवं होटल एशोसिएशन नेपाल (हान), नेपाल एशोसिएशन अफ राफ्टिङ एजेन्सिज (नारा), नेपाल राफ्टिङ एण्ड क्यानोइङ एशोसियशन तथा अन्य संस्थाहरुसँगको सहकार्यमा उक्त वोट रेस सहित फेष्टिभवल हुन लागेको हो।

## विश्व विजेता वेस्ट इन्डिजविरुद्धको खेलमा नेपालले तेस्रो सफलता

**रासस**
काठमाडौं, ७ असार

आइसिसी एकदिवसीय विश्वकप छनोटअन्तर्गत वेस्ट इन्डिजविरुद्धको जारी खेलमा नेपालले तीन विकेट लिएको छ।

जिम्बावेको हरारे स्पोर्टस् क्लबमा जारी खेलको २५ ओभरको समाप्तीसँगै नेपालले तीन विकेट लिएको हो। आफ्नो क्रिकेट इतिहासको पहिलो पटक विश्वकप विजेता वेस्ट इन्डिजसँग खल्ने क्रममा नेपालका करण केसी, गुल्सन झा र सन्दिप लामिछानेले समान एक-एक विकेट लिए।

नेपालका लागि करणले वेस्ट इन्डिजका सुरुआती ब्याट्सम्यान कायल मेयर्सलाई एक रनमा आउट गराए। उनले खेलको दोस्रो ओभरको तेस्रो बलमा मेयर्सलाई पेभिलिएन फर्काएका हुन्। करणले यसअघि अमेरिका विरुद्धको खेलमा पनि चार विकेट लिएका थिए। त्यस्तै नेपालका अर्का खेलाडी गुलशन झाले पाँचौं ओभरको पहिलो बलमा वेस्ट इन्डिजका जोनसन चार्ल्सलाई शून्य रनमा नै आउट गरे। त्यस्तै सन्दिप लामिछानेले वेस्ट इन्डिजका सुरुआती ब्याट्सम्यान ब्रेन्डन किङलाई आउट गराए। सन्दिपले ब्रेन्डनलाई ३२ रनमा आउट गराएका हुन्। सोह्रौं ओभरको तेस्रो बलमा किङ बोल्ड हुन पुगेका हुन्। उक्त प्रतियोतिगामा सन्दिपको यो पहिलो विकेट हो। ारी खेलको २५औं ओभर सकिँदासम्म वेस्ट इन्डिजले तीन विकेट गुमाएर र एक सय २० रनको योगफल बनाएको छ। अहिले क्रिजमा वेस्ट इन्डिजका कप्तान शाई होप र निकोलस पुरन छन्। कप्तान होपले ४७ रन बनाएका छन्। उनले ७२ बलमा पाँच चौका प्रहार गर्दै ४७ रन बनाएका छन्। त्यस्तै पुरनले ३२ बलमा तीन चौका र दुई छक्काको मद्दतमा ३८ रनमा अविजित छन्।

यसअघि भएको पहिलो खेलमा नेपाल जिम्बावेसँग आठ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा नेपालले अमेरिकालाई छ विकेटले हराएको थियो।

## नेपाल वेस्ट इन्डिजसँग पराजित

**रासस**
काठमाडौं, ७ असार

आइसिसी एकदिवसीय विश्वकप छनोट खेलमा नेपाल वेस्ट इन्डिजसँग १०१ रनले पराजित भएको छ।

वेस्ट इन्डिजले दिएको ३४० रनको लक्ष्य पछ्याएको नेपालले ४९ दशमलव ४ ओभरमा अलआउट हुँदै २३८ मात्रै बनाउन सक्यो।

यसअघि जिम्बावेको हरारे स्पोर्ट्स क्लबमा टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले निर्धारित ५० ओभरमा ७ विकेट गुमाउँदै तीन सय ३९ रनको योगफल बनायो।

वेस्ट इन्डिजका कप्तान साइ होपले सर्वाधिक एक सय ३२ रनको योगदान दिए। उनले एक सय २९ बलमा १० चौका र तीन छक्का प्रहार गर्दै एक सय ३२ रनको योगदान दिएका हुन। त्यस्तै निकोलस पुरनले एक सय १५ रन बनाए। उनले ९४ बलमा १० चौका र चार छक्कासहित एक सय १५ रनको योगफल बनाएका हुन्। चौथो विकेटका लागि पुरन र होपले दुई सय १६ रनको दोहोरो शतकीय साझेदारी गरेका थिए।

ब्रेन्डन किङ्गले ४२ बल खेल्दै दुई चौका र दुई छक्काको मद्दतमा ३२ रन जोडे। यस्तै रोभम्यान पावेलले तीन चौका र एक छक्काको सहयोगमा १४ बलमा २९ रन बनाए। वेस्ट इन्डिजका सुरुआती ब्याट्सम्यान कायल मेयर्सलाई एक रनमा आउट भए भने जासोन होल्डरले अविजित १६ रन बनाए।

बलिङतर्फ नेपालका ललित राजवंशीले तीन विकेट लिए भने करण केसी, गुलशन झा, सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरीले समान एक/एक विकेट लिए।


नेपालका लागि आरिफ शेखले सर्वाधिक ६३ रन बनाए भने गुलशन झाले ४२, आशिफ शेख र करन केसीले समान २८ रन बनाए। साथै दीपेन्द्र ऐरीले २३ रन बनाउन सके भने ब्याटरले उल्लेखनीय योगदान दिन सकेनन्। वेस्ट इन्डिजका लागि जोसन होल्डरले तीन विकेट लिए भने अल्जारी जोसेफ, किमो पउल, अकेइल होसेइनले समान २/२ विकेट र काइले मायर्सले एक विकेट लिए। नेपाल यसअघि जिम्बावेसँग आठ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा नेपालले अमेरिकालाई छ विकेटले हराएको थियो।

आजै भएको समूह चरणको अर्को खेलमा नेदरल्याण्ड्सविरुद्ध अमेरिकाले पाँच विकेटको जित निकालेको छ। अमेरिकाले दिएको २११ रनको लक्ष्य नेदरल्याण्ड्सले ४३ दशमलव २ ओभरमा पाँच विकेटको क्षतिमा पूरा गर्‍यो।

जितसँगै नेदरल्याण्ड्स समूह तालिकामा तेस्रो स्थानमा उक्लिएको छ भने नेपाल चौथो स्थानमा झरेको छ। नेपालको अर्को खेल शनिबार नेदरल्याण्ड्सविरुद्ध हुनेछ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं
◆ गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
◆ घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
◆ नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
◆ भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
◆ भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।
भू-क्षयबाट बचौं र बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# विपत्तिबाट जोगाउने काम थाल

बाढी र पहिरोले कोसी प्रदेशमा कम्तीमा १२ जनाको ज्यान लिएको छ। देशका अरू ठाउँमा पनि छिटपुट घटना भइरहेका छन् । वर्षा र बाढीपहिरो नेपालमा नियमित आकस्मिकता हुँदै आएको छ। वर्षैपिच्छे सयौं नेपालीले बाढी र पहिरो र डुवानमा ज्यान गुमाउँछन् । सरकारसँग बाढीपहिरोबाट नागरिकको ज्यान जोगाउने दीर्घकालीन कुनै योजना र कार्यक्रम छैन।सरकारले नीति बनाउँछ तर कार्यान्वयन गर्दैन। विपद् प्रतिकार्य पनि फितलो छ।

बाढी पहिरो पछि मन्त्री र प्रधानमन्त्री प्रभावित क्षेत्रमा हेलिकप्टरमा पुग्छन्। मनी र प्रधानमन्त्रीलाई हेलिकप्टर सयर गर्ने र सान्त्वना देखाउँने मात्रै गर्छन।बारा र पर्सामा टोनार्डो पीडितहरु बाहेक अन्य प्रभावितहरूको कहिल्यै समयमै पुनर्स्थापना भएको छैन । असार शुरु हुँदा ताप्लेजुङ, पाँचथर र संखुवासभामा गएको बाढीपहिरो हराइरहेकाको संख्या मृत्युभन्दा ज्यादा छ। खोला किनारहरूमा वा भिराला पहाडका बस्ती बढी जोखिममा छन । त्यस्ता बस्तीलाई व्यवस्थित गर्न जरुरी छ। जोखिमका क्षेत्रहरू पहिचान गर्ने र त्यसअनुसार क्रमशः बस्ती व्यवस्थित गर्न नसकिए अवस्था भयावह हुन सक्छ। विपद्ले ज्यान लिइरहन्छ, धनमालको पनि नोक्सानी गरिरहन्छ। मनसुनकै सुरुआतमा पुलपुलेसा र जलविद्युत्लगायत पूर्वाधारमा पनि क्षति पुगिसकेको छ। पूर्वीपहाडमा मनसुन शुरुहुँदा दशकयताकै ठूलो वर्षा भएको पाका अनुभवीहरु बताउँछन ।

सरकारले, विकासका नाममा जथाभावी निर्माण गरिरहेको छ। जसले जोखिम बढाएको छ। पहाडका भित्ताहरू डोजरले कोपरेर जसरी बाटो बनाइएको छ, पहिल्लो समय पहिरोको कारण त्यो पनि हो । त्यसो त नदीकिनारका अव्यवस्थित बसोबास पनि जोखिमका अरू कारण हुन् । देशभरि नै व्यवस्थित बसोबासको योजना बनाएर कार्यान्वयन नगर्ने हो भने हरेक वर्ष यस्ता विपत्ति आइरहन्छन् र मृत्यु भइरहन्छ । यो वर्ष मनसुनजन्य विपदबाट साढे १२ लाख नेपाली प्रभावित हुने राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुमान छ ।

तर तिनलाई कसरी प्रभावित हुन नदिने भन्ने कसरत सरकारले सुरु गरेकै छैन । जुन कामका लागि कत्ति ढिला गरिनु हुँदैन । सरकार बनाउने र भत्काउने खेलले विपदबाट कसरी जोगाउने भन्ने चेत साशकहरुमा पलाएको छैन ।नेपाली उखान मुती पनि सकें दैलो पनि देखें भने जस्तो अवस्था शासकमा छ। त्यसमा सुधार ल्याउन शासकहरुलाई सबै क्षेत्रबाट खबरदारी गर्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखराको ड्रयागन बोट प्रतियोगिताले नेपाल चीन जनसम्बन्धलाई प्रगाढ बनाउनेछ

मेल्सम ओझा



ड्रयागन बोट पर्व अर्थात तुवान उचे चीनको परम्परागत उत्सव हो । चिनियाँ जनताहरु आफनो सुप्रशिद्ध कबि छु युवानको सम्झना गर्दै यस उत्सबलाई भब्यतापूर्वक मनाउने गर्दछन् । चन्द्र पात्रो अनुसार पाँचौ महिनाको पाँचौ दिन ड्रयागन बोट पर्व मनाउने गरिन्छ । यस वर्ष उक्त दिन अंग्रेजी पात्रोमा गणना गर्दा जुन २२ मा पर्न आएको छ । ईशा पूर्व ३४० मा छु युवानको जन्म हालको हुपेइ प्रान्तमा भएको थियो । विभिन्न जनावरहरुको मिश्रण रहेको दुई सिंगे पाँच खुट्टे ड्रयागनलाई चिनियाँ इतिहासमा शाङ र चौ वंशको शासन कालमा शासक र प्रशासकहरुको शक्तिको प्रतिकका रुपमा मान्न थालियो । यसको पूजाआजा गरेमा अधिक मात्रामा कृषि फसल उत्पादन हुने र सुखी भबिष्य प्राप्त हुने जनविश्वास रहँदै आएको छ ।

छु युवान एक देशभक्त कबि थिए । उनले देश र जनताको पक्षमा सुन्दर कबिताहरुको रचना गरेका थिए । चन्द्र पात्रो अनुसार पाँचौ महिनाको पाँचौ दिन उनले आफनो देश अर्थात प्राचिन कालको चु राज्यको राजधानीलाई अत्याचारी छिन राज्यले कब्जा गरेको सन्देश पाएपछि ईशापूर्व २७८ मा ६२ वर्षको उमेरमा हालको हुनान प्रान्तमा रहेको तोङतिङ तालको पूर्वी तटमा रहेको मिलुओ नदीमा हाम फालेर मृत्युवरण गरेका थिए । उनले नदीमा हामफालेको थाहा पाएपछि स्थानिय जनताहरुले आफनो देशभक्त कबिलाई खोज्न डुँगा प्रयोग गरेका थिए । सन् २००८ बाट देशभक्त कबिप्रति जनतामाझ रहेको सदियौं पुरानो भावलाई सम्बोधन गर्दै राष्ट्रिय पर्वको रुपमा बिदा दिने ब्यवस्था चीन सरकारले गरेको थियो ।

जनताहरु कबिको शरिर सुरक्षाका लागि पनि सचेत रहेको पाइन्छ । दुष्ट आत्माहरुले छु युवानको शरिरलाई हरण गर्न नसकोस् भनेर डुँगा चलाउने क्रममा टोली नेताले ड्रम सेट बजाउने, डुँगा खियाउने अन्य सदस्यले प्याडल जुधाएर ध्वनी सिर्जना गर्ने गर्दछन् । माछा लगायत अन्य जलचरले कबिको शरिरलाई हानी नपुर्याउन् भनी स्वादिलो हरियो पातलाई त्रिकोणात्मक आकार दिई बफाइएको मोटो चामलको चिप्लो भातलाई धागोले पोको पारेर खोला तालमा अर्पण गर्दछन् । यस प्रकारको खाद्यान्नलाई चिनियाँ भाषामा चोङ्ची भनिन्छ । मानिसहरु एक आपसमा आफुले तयार गरेको चोङ्ची साटासाट समेत गर्छन् । चिनियाँ जनताको आर्थिक स्थितिमा क्रमश सुधार आउँदै गर्दा चोङ्चीमा राखिने बस्तुहरुमा पनि नयाँपन आएको छ । अचेल उनीहरु छोक्रा, बँधेलको मासु लगायतका चीजहरु राखेर चोङ्चीलाई अझ स्वादिलो बनाउने गर्दछन् । चियाङ्सु, चचियाङ प्रान्त र याङ्सी नदीका किनारमा बस्ने चिनियाँ जनताहरु चोङ्चीसँगै चिनियाँ जडिबुटीबाट निर्मित रियालगर वाइन पिउने गर्छन् । यस मौसममा लामखुट्टे, विच्छी र सर्पको डसाईबाट हानी नपुगोस् भनि उनीहरु यसप्रकारको घरेलु वाइन पिउने गर्छन् ।

बालबालिकाहरुको लागि पनि यो उत्सब रुचीकर हुने गरेको छ । अभिभावक, आफन्त र छिमेकीहरुले बालबालिकाहरुलाई रेशमी कपडाभिध सुगन्धीत फुल र जडिबुटी राखेर बनाइएको अत्तर सप्रेम प्रदान गर्ने गर्छन् । खोला तालमा ड्रमको आवाजले त्रशित दुष्ट आत्माले बालबालिकातर्फ आक्रमण गर्न सक्छ भनेरै उक्त अत्तर बालबालिकाको शरिरमा झुण्डयाउने चलन रहेको छ । अत्तरको बासनाले दुष्ट आत्माहरु बलबालिका नजिक पर्न सक्दैनन् भन्ने विश्वास चिनियाँ जनतामाझ रहेको छ ।

इजिप्टमा अवस्थित विश्वकै लामो नाइल नदीमा समेत दुई हजार वर्ष पुरानो ड्रयागन बोट पर्व सन् २०१७ मा आयोजना भएको थियो । इहाब गौदाले स्थापना गरेको इजिप्सीयन ड्रयागन बोट प्रतिष्ठानले इजिप्सीयन जनता र चिनियाँ जनताबीचको मैत्री सम्बन्ध र सहकार्यलाई बलियो बनाउन उक्त कार्यक्रमको आयोजना गरेको थियो । एक बहुराष्ट्रिय कम्पनीमा कार्यरत इञ्जिनियर एल दिन ड्रयागन बोट खियाउँदा पाखुरीमा असाध्यै बल परेपनि नाइल नदीको प्राकृतिक छटा र प्रतिष्पर्धीहरुबीचको तालमेलले निक्कै प्रभावित बनेका थिए । यस कार्यक्रमले हालैका वर्षहरुमा पनि निरन्तरता पाएको छ ।

कबि छु युआनको स्मृतिमा प्रशिद्ध साहित्यकार लियाङ चनहुवाले तयार गरेको उपन्यासमा आधारित रहेर सन् २०१७ मा 'सङ अफ फिनिक्स' नामक टेलिसिरियल प्रदर्शनीमा आएको थियो । उक्त सिरियलमा दरकारकै एक दासीसँग कबि छु युआन (प्रशिद्ध चिनियाँ कलाकार मा ख) को प्रेम भएको तर दरबारिय शक्तिको कोपभाजनले आफनो प्रेमसम्बन्ध र छिन राज्यले देशको सुरक्षामा गम्भिर आघात पुर्याइरहेको हुँदा जनताको रक्षा लागि दरबारबाट कठिन यात्रामा निस्किएको देखाइएको छ । सिरियलले इतिहासलाई तोडमोड गरेको भन्दै केही विरोध भएतापनि किशोरावस्थाका चिनियाँहरुले मन पराएका थिए ।

ड्रयागन बोट पर्वको समयमा चिनियाँ उपभोक्ताको माग र खपत अधिक मात्रामा बढेको पाइन्छ । तीन दिने बिदाका अवसरमा आफनो गृहस्थल वा नयाँ स्थानमा घुम्न जाने चिनियाँहरुको संख्यामा वृद्धि हुने गरेको छ । हवाई जहाज, रेल र बसका टिकट पर्व सुरु हुनु दूई हप्तापूर्व नै विक्री भइसक्ने गर्छ । चीनमा अध्ययन गर्न गएका विदेशी विद्यार्थीहरुले पनि यस बेला आफना चिनियाँ साथीभाइसँगै कार्यक्रमहरुको मनोरञ्जन लिने गर्दछन् । आफनो मौलिक संस्कृति र पर्वहरुको संरक्षण र सम्वर्द्धनमा उनीहरुको ध्यान आकृष्ट भएको पाइन्छ ।

नेपालमा पहिलोपटक चिनियाँ दुतावास, नेपाल टुरिजम बोर्ड, पोखरा पर्यटन परिषद् र पोखरा महानगरपालिकाको आयोजनामा पोखराको फेवातालमा हुन गैइरहेको ड्रयागन बोट प्रतियोगिताले देशभक्त कबि छु युआनको सम्झना गर्नुका साथै सदियौं पुरानो नेपाल चीन मैत्री सम्बन्धलाई थप नयाँ उचाई प्रदान गर्नेछ । यस कार्यक्रमले विश्वभर छरिएर रहेका चिनियाँहरुलाई नेपालतर्फ ध्यानाकर्षण गराउँदै नेपालको भ्रमण गर्न आउन सन्देश प्रवाह गर्नेछ । कोभिडका कारण लगभग धारासायी अवस्थामा पुगेको नेपालको पर्यटन क्षेत्रलाई उकास्न यस कार्यक्रमले सहयोग गर्ने देखिन्छ । यसै वर्षको सुरुवातमा उद्घाटित पोखरा अन्तराष्ट्रिय विमानस्थल सम्बन्धी फैलिएको हल्लालाई सिचुवान प्रान्तको छन्तुबाट उडेको सिचुवान एअरलाइन्सको एअरबस ३१९ को अवतरणले निराकरण गरेको छ । नेपालको राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमले समेत तीनदेखी चारवटा एअरबस ३१९ खरिद गरेर पोखराबाट चीनका दक्षिणमा अवस्थित प्रान्तहरुमा सिधा उडान गरी जनताबीचको कनेक्टीभिटी वा सम्पर्कलाई प्रवर्द्धन गर्नुपर्छ । सन् २०१९ मा नेपाल र चीनका संस्कृति तथा पर्यटन मन्त्रालयका उच्च पदाधिकारीहरुको संयुक्त टोलीले विगतमा गरिएको नेपाल चीन हवाई सम्झौताको पुनरावलोकन गर्दै अनुमती प्राप्त चीनका ७ गन्तब्यलाई बढाएर १५ वटामा पुर्याएको छ । निगमले सन् २०१९ मै चीनको क्वाङ्चौ शहरमा उडान गर्ने तयारी गरिरहेको समयमा कोभिडका कारण पछि हट्नु परेको थियो । सर्वोच्च शिखर सगरमाथा आसपासबाट अधिक मात्रामा अक्सिजन, इन्धन र सो सम्बन्धी अन्य वस्तु बोकेर उड्नुपर्ने हुँदा यस क्षेत्रका लागि एअरबस ३१९ लाभदायी हुने देखिन्छ । टिकट केही महङ्गो हुन सक्ला यद्यपी दुवै देशका सरकारले पर्यटन प्रवर्द्धनका लागि केही रणनीति अप्नाउन सक्नेछन् जसले जनतालाई सहजता महशुस होस् ।



सन् २००६ मा स्थापित नेपाल चीन प्रतिष्ठान नेपालका सबै देशभक्त साहित्यकारका र चिनियाँ कबि छु युवानप्रति हार्दिक नमन प्रकट गर्दै सम्पुर्ण चिनियाँ र नेपाली जनताको दिर्घायुको कामना गर्दछ । ड्रयागन बोट प्रतियोगिता, वायुसेवाहरुको पोखराअन्तराष्ट्रियविमानस्थलमा भएको अवतरणको मुक्तकण्ठले प्रशंसा गर्दछ साथै सम्बन्धीत पक्षहरुसँग विगतमा जस्तै सहकार्य गरिरहनेछ ।

(लेखक नेपाल चीन प्रतिष्ठानको अध्यक्ष हुनुहुन्छ)

# रानीपौवामा खानेपानी आयोजना निर्माण

रासस
म्याग्दी, १ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ मा रानीपौवा खानेपानी आयोजना निर्माण भएको छ ।

जिल्लास्थित खानेपानी, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको आर्थिक तथा प्राविधिक सहयोगमा उपभोक्ता समितिमार्फत निर्माण भएको आयोजनाबाट रानीपौवाका एक सय २० घरधुरी लाभान्वित भएका छन् । उपभोक्ता समितिका अध्यक्ष तोरणबहादुर कार्कीले मिटर जडित निजी धारामार्फत सबै उपभोक्ताको घरघरमा खानेपानी वितरण गरिएको बताउनुभयो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ मा रसाइली कुल मन्दिर निर्माण निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: रसाइली कुल मन्दिर संरक्षण
**उपभोक्ता समितिको नाम**: रसाइली कुल मन्दिर निर्माण समिति,
**योजना सुरु मिति** : २०८०/०१/०७
**योजना सम्पन्न हुने मिति** : २०८०/०२/२५ गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०८ गते
**महानगरपालिका बाट प्राप्त** : ५,००,०००/-

**निर्मल कुमार सुनार**
**अध्यक्ष**
**रसाइली कुल मन्दिर निर्माण समिति,**
**पोखरा-१३, कास्की**


# भारतीय चलचित्रको प्रदर्शनमा बाधा नगर्नु : उच्च अदालत

रासस
काठमाडौं, ७ असार

उच्च अदालतले पाटन काठमाडौं महानगरपालिकाको भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।

महानगरले गत सोमबारदेखि भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाउन गरेको निर्णयविरुद्धको नेपाल चलचित्र सङ्घको तर्फबाट उच्च अदालतमा प्रितम घिमिरेले रिट दर्ता गर्नुभएको थियो ।

रिटउपर सुनुवाई गर्दै न्यायाधीश धीरबहादुर चन्दको एकल इजलासमा निषेधाज्ञा हटाउन र भारतीय चलचित्रको प्रदर्शनमा बाधा नगर्नु र नगराउनु भनी अल्पकालीन अन्तरिम आदेश जारी भएको अदालतका उपरजिष्ट्रार तथा प्रवक्ता मन्दिरा शाहीले जानकारी दिनुभयो ।

"छलफलका लागि दुवै पक्षलाई असार १२ गतेका लागि बोलाइएको छ । उक्त समयसम्म भारतीय चलचित्रको प्रदर्शनमा रोक नलगाउन अल्पकालीन अन्तिम आदेश दिइएको छ", प्रवक्ता शाहीले भन्नुभयो । महानगरपालिकाले भारतीय चलचित्र 'आदिपुरुष' मा 'सीता भारतीय छोरी हुन्' भन्ने आशयको संवाद मूल संस्करणमा नसच्याएको भन्दै गत सोमबारदेखि १७ चलचित्र भवनमा भारतीय चलचित्रको प्रदर्शनमा रोक लगाएको थियो । महानगर प्रमुख बालेन्द्र शाहले भने सामाजिक सञ्जालमार्फत देशको सार्वभौमिकता र स्वाधीनताको कुरा आए कानुन र अदालतलाई नमान्ने टिप्पणी गर्नुभएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १३ स्थित नमुना टोलमा जाली तथा नाला स्तरोन्नती गर्दा निम्न अनुसार को आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम**: नमुना टोलमा जाली तथा नाला स्तरोन्नती
**उपभोक्ता समितिको नाम**: नमुना टोलमा जाली तथा नाला स्तरोन्नती समिति, पोखरा-१३
**योजना सम्झौता मिति** : २०८०/०२/०३
**योजना सुरु मिति** : २०८०/०२/०४
**योजना सम्पन्न हुने मिति** : २०८०/०२/३० गते
**योजना सम्पन्न भएको मिति** : २०८०/०३/०८ गते
**कुल लागत रकम** ८,२३,५३०/-
**महानगरपालिका बाट प्राप्त** : ७,००,०००/-
**उपभोक्ता बाट** : १,२३,५३०/-

**धन बहादुर गुरुङ**
**अध्यक्ष**
**नमुना टोलमा जाली तथा नाला स्तरोन्नती समिति,**
**पोखरा-१३, कास्की**

# 'दि एलिमेन्टस ब्याण्ड' को प्रस्तुति पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, ७ असार

'दि एलिमेन्टस ब्याण्ड'ले आफ्ना लोकप्रिय गीतहरुका साथ पोखरामा प्रस्तुति दिन आउदै छ।

पोखराको लेकसाइडमा रहेको प्याराडिसो स्पोर्ट्स बार एन्ड ग्रिलमा असार ८ गते शुक्रबार साँझ लाइभ कन्सर्टमाका लागि आउदै छ। दि एलिमेन्टस ब्याण्डमा ईशान ओन्टा गायक, डुम्मा दिपेश गुरुङ र गीतारमा रौनक सिङ अधिकारी रहेका छन्। उनीहरुले 'अल्लारे', बिर्सिने हाउ कीं,




तसैला हिडे म, पुतली, सपनाको मायालु, लगाएतका गीतहरु प्रस्तुति दिने छन्। उनीहरुमा अद्भुत भाइबहरू सिर्जना गर्ने क्षमता रहेको प्याराडिसोका म्यानेजर हरि पौडेले बताए। उनले दि एलिमेन्टस ब्याण्ड प्रशंसक र शुभचिन्तक बीच लोकप्रिय रहेको बताए। मध्यरातसम्म लाइभ कन्सर्ट चल्ने छ। कार्यक्रमको टिकट १ हजार र ५ सय रुपैया पौडेलले बताए। उनले क्युआरकोड प्रयोग गरेर इसेवाबाटै अग्रिम टिकट लिन र अग्रिम टेबल बुकिङ गर्न सकिने बताए। टेबल बुकिङ गर्नेका लागि प्रवेश शुल्क नलाउने उनको भनाई छ।

द एलिमेन्ट्स ब्याण्डले वास्तविक जीवनका कथाहरू बताउने उनीहरूको सम्बन्धित संगीत गीतहरूले युवा पुस्ताको ध्यान तान्ने गरेको छ। उनीहरूको संगीतका प्याटनलाई धेरैलाई मन पराएको बताउदै पौडेले नेपाली सांगीतिक क्षेत्रमा उदाउँदो तारा बनाएको बताए।

# सडक हेरचाह गर्न हेरालु परिचालन

पोखरापत्र संवाददाता
गोरखा, ७ असार

गोरखाको भीमसेन थापा गाउँपालिकाले बर्खायामका समयमा पालिकाभित्रका मुख्यमुख्य ग्रामीण सडक सुचारु राख्न सडक हेरालु नियुक्त गरी परिचालन गरेको छ। गाउँपालिकाले पालिकाभित्रका एउटा वडामा कम्ती एक जना पर्नेगरी १० जना सडक हेरालु छनोट गरी अभिमुखीकरण प्रदान गरिएको छ। सडक मर्मतसम्हार र हेरचाहका लागि हेरालु परिचालन गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीले जानकारी दिनुभयो।

बर्खा लागेसँगै सडकमा बग्ने भल तथा ससाना पहिरा समयमा नै नियन्त्रण गर्न नसक्दा पछि बढी क्षति हुने गरेकाले समयमै भल तथा पहिरा व्यवस्थापन गरी मुख्यमुख्य ग्रामीण सडक मर्मतसंहार गर्नसके निर्माण भइसकेका सडक पूर्वाधारका क्षति न्यूनीकरण गर्न सकिने भएकाले सडक हेरालु भर्ना गरेर परिचालन गरेको उहाँले बताउनुभयो। "गाउँपालिकाले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै सडक स्याहारसंहार तथा मर्मतका लागि सडक हेरालु नियुक्त गरेर परिचालन गर्ने नीति लिएको थियो, उहाँले भन्नुभयो, "अन्य बेलाभन्दा पनि बर्खायामको समयमा सडक हेरालुको आवश्यकता बढी पर्ने भएकाले पहिलो पटक चार महिनाका लागि नियुक्ति दिएर उहाँहरुलाई काममा खटाएका छौँ।" नियुक्त भएका सडक हेरालुले वडा कार्यालय र वडाको प्राविधिकको निगरानी र निर्देशनमा वडाभित्रमा मुख्यमुख्य सडकमा नियमित यातायात सञ्चालन गर्नेगरी काम गर्ने उहाँले बताउनुभयो। उनीहरुको मुख्य गरी नाला सरसफाइ गर्ने, खाल्डाखुल्डी पुर्ने, भल कटाउने सडकमा पानी बग्न नदिने, झाडी तथा झारपात हटाउने, सडक अतिक्रमणबाट जोगाउनेलगायतका काम गर्ने प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिनुभयो। "सानातिना भलपानी र पहिरोले भत्काएका सडक समयमा मर्मत गर्न नसक्दा सडकमा धेरै क्षति हुने गरेको छ", उहाँले भन्नुभयो, "यसले विकासमा थप भार पर्ने मात्र नभई लामो समयसम्म सडक पनि अवरुद्ध हुने अवस्था आउने गरेकाले यो वर्षदेखि पालिकाभित्रका मुख्य सडक बिग्रनेबित्तिकै बनाउने गरी सडक हेरालु परिचालन गरेका छौँ।" "सडक हेरालुलाई सडक मर्मतसँभारमा प्रयोग हुने सामग्री गाडा, बेल्चा, गैँची, कोदाली, घन, जावेल, कराई, टेपलगायतका आवश्यक सामग्री उपलब्ध गराएको छ", उहाँले भन्नुभयो, "यसबाहेक सडक हेरालुको सुरक्षाका लागि आवश्यकपर्ने सेफ्टी हेल्मेट, ज्याकेट, सेफ्टी बुट र पञ्जा सामग्री पनि हस्तान्तरण गरिएको छ।" सडक हेरालुको कामको गाउँपालिका र वडाले अनुगमनको व्यवस्था पनि मिलाएको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले बताउनुभयो।गाउँपालिकालेछनोटमा परेका सबैलाई तालिम तथा अभिमुखीकरण प्रदान गरी नियुक्त पत्र दिएर काममा खटाइएको उहाँले जानकारी दिनुभयो। पालिकाभित्रका सबै मुख्य सडकसमेत कच्ची भएकाले हरेक वर्ष बर्खा लागेसँगै भलबाढीले सडकमा क्षति पुग्ने र बर्खाभरि नै अवरुद्ध हुनेहुँदा नागरिकले हरेक वर्ष सास्ती खेप्दै आउनुपरेको छ।

# एघार महिनामा १३ खर्ब ३७ अर्ब व्यापारघाटा

रासस
काठमाडौं, ७ असार

चालु आर्थिक वर्ष २०७९/८० को जेठ मसान्तसम्ममा नेपालले व्होरेको व्यापारघाटा रु १३ खर्ब ३७ अर्ब ३९ करोड पुगेको छ।

भन्सार विभागले बिहीबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार ११ महिनामा मुलुकले कूल रु १४ खर्ब ८० अर्ब ९८ करोड बराबरको वस्तु आयात गर्दा रु एक खर्ब ४३ अर्ब ५८ करोड बराबरको मात्रै निर्यात गरेको हो। विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा वैदेशिक व्यापारको आँकडा घटेको छ। गत आर्थिक वर्षको जेठ मसान्तसम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा आयात १६ दशमलव शून्य एक, निर्यात २२ दशमलव ७४ र कूल व्यापार १६ दशमलव ६५ प्रतिशतले घटेको छ। कूल वैदेशिक व्यापार घटेसँगै गत वर्षको तुलनामा व्यापार घाटा पनि १५ दशमलव २१ प्रतिशतले घटेको छ। यो अवधिमा मुलुकले कूल निर्यातको तुलनामा १० दशमलव ३१ गुणा धेरै आयात गरेको छ।

त्यस्तै, कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ९१ दशमलव १६ प्रतिशत र निर्यातको हिस्सा आठ दशमलव ८४ प्रतिशत रहेको छ। नेपालले सबैभन्दा बढी वैदेशिक व्यापार गर्ने छिमेकी मुलुक भारतसँग मात्र यो अवधिमा रु आठ खर्ब ३८ अर्ब ८५ करोड बराबरको व्यापार घाटा व्होरेको छ। जेठ मसान्तसम्ममा भारतबाट रु नौ खर्ब ३७ अर्ब ८३ करोडको सामान आयात हुँदा रु ९८ अर्ब ९७ करोड बराबरको मात्रै निर्यात भएको देखिन्छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २८ कास्की स्थित काफलघारी सोताखोला कल्भर्ट निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्होरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: काफलघारी सोताखोला कल्भर्ट निर्माण**
**स्थान: पोखरा-२८, कास्की**
**योजना सम्झौता मिति : २०७९/१२/२६ गते**
**योजना सुरु भएको मिति : २०७९/१२/२७ गते**
**योजना सम्पन्न मिति: २०८०/०२/२६ गते**
**योजनाको कुल लागत : रु. ८,९१,५२६।-**
**वडा नं. २८ बाट प्राप्त हुने रकम : रु.८,००,०००।-**
**जन सहभागितावाट : रु.९१,५२६।-**
**उपभोक्ता समिति अध्यक्ष: सन्तोष गौतम**
**सचिव: श्रीकान्त तिमिल्सिना**
**जम्मा उपभोक्ता समिति संख्या: ७ जना महिला: २ जना**
**पुरुष: ५ जना**

**काफलघारी सोताखोला कल्भर्ट**
**निर्माण उपभोक्ता समिति पोखरा-२८, कास्की**

# किसानलाई धानको बीउ र मकै जोगाउनै मुस्किल

-डम्मर बुढा मगर
बागलुङ, ७ असार

वैशाख अन्तिम साता लगातार वर्षा भएपछि पश्चिम बागलुङका किसानले धानको बीउ लगाए तर जेठ लागेपछि वर्षा रोकियो। त्यसपछि अहिलेसम्म पानी परेको छैन। लामो समय पानी नपर्दा ब्याडमा धाँजा फाटेर धानको बीउ सुक्न थालेका छन्। लामो समय खडेरी पर्दा ब्याडमा धानको बीउसँगै बारीमा मकैका बोटसमेत सुकेर मर्न थालेपछि कृषक चिन्तित बनेका छन्।

अघिल्ला वर्षहरुमा यति बेला यस क्षेत्रका खेतमा कृषकले धान लगाउन सुरु गर्थे। वर्षा नहुँदा खोलानालासमेत सुकेका छन्। खोलानाला सुक्दा सिँचाइको चरम अभावमा रहेका किसानलाई धानको बीउ र कुटाउने बेलाका मकै जोगाउन हम्मेहम्मे परेको छ।

जेठ अन्तिम सातदेखि रोपाइँ गर्ने किसान यति बेला आकाश हेर्दै बस्न बाध्य छन्। कतिपय किसानको ब्याडमा रोप्नका लागि तयार भएका बिरुवासमेत सुकेर मर्न थालेका हुन्। असार सुरु हुँदासमेत पानी नपर्दा धानको बीउ, मकै तथा अन्य तरकारिसमेत सुक्न थालेको कृषकको गुनासो छ। गएका वर्षहरुमा यति बेला धेरै ६० प्रतिशतको हाराहारीमा रोपाइँ हुने गरेकोमा यस वर्ष करिब २० प्रतिशत मात्रै रोपाइँ भएको बडिगाडका कृषक प्रेमबहादुर क्षेत्रीले बताउनुभयो। लामो खडेरीका कारण धानसँगै मकै र कोदोको बीउसमेत सुकेको उहाँको भनाइ छ।

क्षेत्री भन्नुहुन्छ, "जेठको २०/२२ मै रोपाइँ गर्ने भनेर बैशाख महिनामै ब्याड राखियो, अहिले धानको बीउ हुर्किएर ठूलो-ठूलो भएका छन्, पानी पर्दैन, अब कसरी रोपाइँ गर्ने, ब्याड राख्ने बेलामा त बर्खा लागेजस्तै लगातार हप्ता दिन पानी पऱ्यो, यसपालि छिट्टै रोपाइँ गर्न पाइने भयो भन्ने लागेको थियो, अहिले धेरै दिन भयो पानी परेको छैन, बारीमा एकोहोराउने बेलाका मकै मर्न थाले, कोदोको बीउ पनि त्यस्तै भएको छ, बढो समस्या पऱ्यो, बीउ जोगाउने गाह्रो भयो।"

स्थानीय कृषक तुलबहादुर जिसीले पहिले असार महिना सुरु हुनुपूर्वनै ढपक्क बर्खा लाग्ने हुँदा किसानलाई खेतीपाती गर्न सहज हुने गरेको भन्दै अहिले खडेरीले गर्दा आफूहरु समस्यामा परेको बताउनुभयो। खेतमा लगाएको गहुँ स्यारेलगत्तै खनजोत गरेर धान रोप्नका लागि तयार हुने गरेको भन्दै अहिले पानी नपर्दा खेत बाँझोसमेत मार्न नपाएको गुनासो पोख्नुभयो। पानी नपर्दा ठाडो खोला सुकेको हुँदा सिँचाइ गर्न नपाएको उहाँको भनाइ छ। "पहिले-पहिले यस्तो समस्या त हुँदैनथ्यो, जेठको पहिलो/दोस्रो सातादेखि बर्खा लाग्थ्यो, अहिले असार लागि सक्दा पनि बर्खाको अनुभूति हुन सकेको छैन, जताजतै सुक्खैसुक्खा छ, पानी परेर मकै छरियो, ब्याड राखियो, अहिले सुकेर भुसाजस्तो भन्न थाले", जिसीले भन्नुभयो, "एक झर्का ठूलो पानी परेत मकै पानी राम्रो हुन्थ्यो, खेतमा रोपाइँ गर्न पनि सहज हुन्थ्यो, अब लगातार हप्ता दिनसम्म ठूलो पानी परेन भने रोपाइँ गर्न सम्भव छैन, खोलानाला बढे भने मात्रै रोपाइँ गर्न सकिला, अहिले गाउँका खोलामा कमिला हिँड्छन्, पानी छैन।" अर्का किसान निलमाया विकले वैशाख पहिलो हप्ता झरेको मकै जेठ दोस्रो साता कुटाएको भन्दै त्यसयता पानी नपर्दा बारीमा लगाएको सबै मकैको बिरुवा सुकेर नष्ट हुन थालेको बताउनुभयो। मकैसँगै लगाएको कोदोको बीउ पनि कामै नलाग्ने गरी सुकेको विकले बताउनुभयो। घर नजिक छेउमा रहेको बारीमा खानेपानीको पाइपबाट पानी लगाएर केही मकै र कोदोको बीउ हुर्काउन सफल भएको उहाँ बताउनुहुन्छ।

कृषि ज्ञान केन्द्र बागलुङका प्रमुख भानुभक्त भट्टराईले हालसम्म जिल्लाभर १२ प्रतिशत मात्रै रोपाइँ भएको बताउनुभयो। लामो समय खडेरी पर्दा कृषकले बीउ तयार गरे पनि रोपाइँ गर्न नसकेको उहाँको भनाइ छ। उहाँका अनुसार यति बेलासम्म जिल्लामा २५ प्रतिशत रोपाइँ सकिनुपर्ने थियो। बैसाखको वर्षाले कृषक उत्साहित भएर धेरै बीउ उत्पादन गरेको हुँदा रोपाइँ क्षेत्रफल बढ्न सम्भावना बढेको प्रमुख भट्टराईले बताउनुभयो।

"गत वर्ष पाँच हजार आठ सय ८३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो, अघिल्लो वर्षको तुलनामा यस वर्ष बढेर छ हजार हेक्टरमा रोपाइँ हुन्छ भन्ने लागेको थियो, खडेरीले गर्दा केही समस्या परेको छ", प्रमुख भट्टराईले भन्नुभयो, "अब वर्षा भयो भने पनि किसानले धेरै नोक्सानी ब्यहोर्नुपर्ने थिएन, जिल्लामा अझै ७५ प्रतिशत रोपाइँ गर्न बाँकी छ।"

बागलुङमा ४६ हजार एक सय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्रै खेती हुँदै आएको छ। त्यसमध्ये छ हजार एक सय ४८ हेक्टर क्षेत्रफल जमिनमा मात्रै सिँचाइको सहज पहुँच पुगेको छ। खेतीयोग्य जमिनको २० दशमलव १५ प्रतिशत जमिनमा मात्रै सिँचाइको सुविधा छ। त्यसमध्ये बाह्रै महिना सिञ्चित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर रहेको छ। पछिल्लो समय बसाइँसराइले खेतीयोग्य जमिनसमेत बाँझिँदै गएका छन्। गाउँमा प्रसस्त खेतीयोग्य जमिन भए पनि सिँचाइको सुविधा नहुँदा बाँझै राख्नुपरेको कृषकको गुनासो छ।

# ट्र्याक्टर नजाने बाटोमा बस गुड्न थाले

रासस
बागलुङ, ७ असार

सडकको ट्र्याक खुलेको २३ वर्षपछि सडक स्तरोन्नति भएर सिगानामा कालोपत्रको चरणमा पुगेपछि ट्र्याक्टर नउक्लने बाटोमा अहिले बस पुग्न थालेका छन्। विसं २०७५ मा बागलुङ नगरपालिका-८ सिगानामा सडक पुग्यो। उकालो र साँघुरो सडकमा नमिलेका घुम्तीका कारण यात्रुलाई गन्तव्यमा पुग्न सास्ती थियो।

काठेखोलामा पुल नहुँदासम्म बर्खाका समयमा सिगानामा यातायातका साधन चल्न सक्दैनथे। बर्खामा खच्चडकै भरमा सामग्री ढुवानीको विकल्प थिएन। बागलुङ सदरमुकामदेखि सिगानाको बौडेचौर पुग्न दुई घन्टा बढी समय लाग्दथ्यो। वडा कार्यालयसम्म मुस्किलले एक घन्टामा पुग्ने बाटोमा सडक स्तरोन्नति भएर ग्राभेल भएसँगै अहिले २० मिनेटमै पुग्न सकिन्छ।

विसं २०५४ मा बागलुङ बजारदेखि रु तीन लाख बजेटमा सिगानातर्फ सडक ल्याउने कामको सुरुआत भएको तत्कालीन गाविस अध्यक्ष टोपबहादुर खड्काले बताउनुभयो। खड्काले सडक खुलेको चार वर्षसम्म ट्र्याक्टर गुड्न नसक्ने सिगानाको सडकमा अहिले ट्याक्सी, बस र टेम्पो गुड्न थालेको बताउनुभयो।

"सिगानामा सडक ल्याउन सुरुआती काम आफैँबाट भएको थियो, अहिले त सडकका घुम्ती ढलान भइसकेका छन्, बाँकी भागमा कालोपत्र गर्ने सुरसार छ", खड्काले भन्नुभयो, "वडा कार्यालयसम्म एक घन्टामा मुस्किलले पुग्न सकिने सडकमा अहिले २० मिनेटमै सररर आउन सकिन्छ, यस्तै सडक बौडेचौरसम्म पुऱ्याउन आवश्यक छ।" सिगानाको यात्रा सहज भए पनि भाडादर भने बढ्दै गएको उहाँले गुनासो गर्नुभयो। अहिले वडा कार्यालयसम्म २० मिनेटमा पुगिने यात्रामा रु दुई सय ५० भाडादर छ। सिगानामा एक निर्वाचन क्षेत्र एक रणनीतिक सडकअन्तर्गत अहिले सडक स्तरोन्नतिसँगै घुम्ती सडक ढलान भएपछि सिगानाको यात्रा छोटिएको हो।

बागलुङ बजारदेखि बोक्सेसम्म गत वर्ष नै कालोपत्र सम्पन्न भइसकेको थियो। अहिले बोक्सेदेखि सिगानासम्मको आठ किमी सडक चौडा पार्ने, पक्की नाली बनाउने र अन्य पूर्वाधार निर्माणसँगै एक दर्जन घुम्ती सडक ढलान भए पनि सिगानामा अहिले नियमित बस गुड्न थालेका छन्।

सिगानामा नियमित स्कुल बस पुग्न थालेका छन् भने आन्तरिक पर्यटकले ट्याक्सी र अटोरिक्सा लैजान थालेका छन्। निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेको आठ महिनामै झन्डै ५० प्रतिशत काम सम्पन्न भइसकेका कारण सिगानाको मुहारै फेरिएको हो। सिगानामा रु २९ करोड लागतमा आठ किमी सडक कालोपत्र र ढालान गर्नका लागि ३२ महिनाका लागि ठेक्का सम्झौता भए पनि सम्झौताअगावै काम सक्नेगरी सडक निर्माण हुँदा सिगानाको यात्रा सहज भएको हो।

सिगानामा नियमित यात्रा गर्ने हंस सार्कीले दुई वर्षअघिको सडक र अहिलेको सडकमा कुनै तुलना नहुने गरी सडक स्तरोन्नति भएको बताउनुभयो। "उकालो सडक हिउँदमा धुलाम्मे, बर्खामा हिलाम्मे हुन्थ्यो, सडक जीर्ण र नमिलेको थियो", उहाँले भन्नुभयो, "अहिले सडकको ग्रेड मिलाउँदा सोझो भएको छ, अहिले सिगाना पुग्न मोटर साइकलमा २० मिनेट मात्रै लाग्छ, बर्खामा मोटरसाइकल फसेर समयमै पढाउन जानसमेत सक्दैनथे, अहिले यात्रा निकै सहज भएको छ।"

निर्माणको काम सुस्त भएपछि अधिकांश स्थानमा निर्माण कम्पनीको चर्को आलोचना भइरहेका सन्दर्भमा यहाँ निर्माण व्यवसायीको कामप्रति स्थानीयले प्रशंसा गरेका छन्। सम्झौताको आठ महिनामै आधा काम सकिनु सिगानावासीका लागि सुखद भएको बताउँदै सडक कालोपत्र सम्पन्नपश्चात् सिगानावासीको मुहारै फेरिने स्थानीय शिव खड्काले बताउनुभयो।

## संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (IEE) को लागि सार्वजनिक सुनुवाईको लागि सार्वजनिक सूचना।

**(प्रथम पटक प्रकाशित मिति: २०८०/03/ 0८)**

**गण्डकी प्रदेश पर्वत जिल्ला फलेवास नगरपालिका भएर बग्ने नगर क्षेत्र भित्र पर्ने कालीगण्डकी, लमाएखोला, चिर्दीखोला लगायतका वगरहरुमा रहेको ढुंगा, गिटी, वालुवा लगायतको दहत्तर/बहत्तर निकासीका लागि संक्षिप्त वातावरणीय परीक्षणको प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सामाजिक, आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्छ भनि यकिन गर्न लिखित राय सुझाव लिन आवश्यक भएकाले सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरि राय सुझाव उपलब्ध गराईदिनुहोला।**

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | फलेवास नगरपालिकाको कार्यालय, खानीगाउँ, पर्वत |
| सार्वजनिक सुनुवाई गरिने मिति र स्थान | २०८०/०३/१६ गते विहान ९:०० बजे<br>स्थान: फलेवास नगरपालिकाको कार्यालय, पर्वत |
| परामर्शदाताको नाम तथा ठेगाना | वास्तु बिल्डर्स प्रा.लि.<br>कुस्मा-६, पर्वत मो. नं. ९८५११<br>vastubuilderspvtltd@gmail.com |